# हातहतियार खरखजाना (पहिलो संशोधन) ऐन, २०४८

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# हातहतियार खरखजाना (पहिलो संशोधन) ऐन, २०४८

लालमोहर र प्रकाशन मिति
२०४८।७।११

२०४८ सालको ऐन नं. १९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

हातहतियार खरखजाना ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: हातहतियार खरखजाना ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ: यो ऐनको नाम "हातहतियार खरखजाना (पहिलो संशोधन) ऐन, २०४८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. हातहतियार खरखजाना ऐन, २०१९ को दफा २ मा संशोधनः हातहतियार खरखजाना ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) झिकिएको छ ।

३. मूल ऐनको दफा ५क. मा संशोधनः मूल ऐनको दफा ५क. को उपदफा (१) मा रहेको "राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२०३३ को दफा ९ वा स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ६ बमोजिम" भन्ने वाक्यांशको सट्टा "प्रतिनिधि सभा वा राष्ट्रिय सभा तथा गाउँ, नगर वा जिल्लाको स्थानीय निकायको सदस्यको लागि हुने निर्वाचनमा" भन्ने वाक्यांश राखिएको छ ।

४. <u>मूल ऐनको दफा २० मा संशोधनः</u> मूल ऐनको दफा २० को,-

(१) उपदफा (१) मा रहेका "रु. ४२००।- बयालीस सय सम्म" भन्ने शब्दहरुको सट्टा "एक्काइस हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "रु. १२००।- बाह्र सय सम्म" भन्ने शब्दहरुको सट्टा "छ हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (३) मा रहेका "रु. ३००।- तीनसय सम्म" भन्ने शब्दहरुको सट्टा "पन्ध्र सय रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

५. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u> मूल ऐनको दफा २१ को,-

(१) उपदफा (१) मा रहेका "रु. ३००।- तीनसय सम्म" भन्ने शब्दहरुको सट्टा "पन्ध्र सय रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "रु. १००।- एकसय सम्म" भन्ने शब्दहरुको सट्टा "पाँच सय रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

६. <u>मूल ऐनको दफा २२ मा संशोधनः</u> मूल ऐनको दफा २२ मा रहेका "रु. १५०।- एकसय पचाससम्म" भन्ने शब्दहरुको सट्टा "सातसय पचास रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

७. <u>मूल ऐनको दफा २३ मा संशोधनः</u> मूल ऐनको दफा २३ को,-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) उपदफा (१) मा रहेका "रु. ५०।- पचाससम्म" भन्ने शब्दहरुको सट्टा "दुईसय पचास रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) को,-

(क) खण्ड (क) मा रहेका "रु. ५०।- पचास सम्म" भन्ने शब्दहरुको सट्टा "दुईसय पचास रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ग) मा रहेका "रु. ३५।- पैंतीससम्म" भन्ने शब्दहरुको सट्टा "एकसय पचहत्तर रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

८. रुपान्तरः मूल ऐन र सो ऐन अन्तर्गत बनेको हातहतियार खरखजाना नियमावली, २०२८ मा प्रयोग भएका "स्थानीय अञ्चलाधीस" वा "अञ्चलाधीस" भन्ने शब्दहरुको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरु राखिएका छन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय